# यमुना माई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### सरुअठा, रौतहट

प्रदेश नं. २ नेपाल

पत्र संख्या :- २०७८।०७९
चलानी नं. :- २१
प्राप्त पत्र संख्या र मिति :-

मिति २०७८/०४/०५

यमुनामाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सरुअठा, रौतहट प्रदेश नं. २, नेपाल

**विषय :-** समाजिक सुरक्षा भत्ता तथा बालपोषण भत्ता नविकरण सम्वन्धमा ।

श्री श्री वडा कार्यालय सबै,
यमुनामाई गाँउपलिका ।

उपरोक्त सम्वन्धमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.न. ६१ को मिति २०७८/०४/०३ को पत्रानुसार समाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम ४ को उप नियम (१) मा सामाजिक सुरक्षा भत्ता पाप्त गरिरहेका लाभग्राहीले श्रावन महिना देखि कार्तिक मसान्त भित्र सम्बन्धि वडा कार्यालमा नवीकरणको लागि दिनु पर्ने व्योहोरा उल्लेख भएको भएता पनि आ.ब. २०७८/०८९ को बजेट बजेट वक्तव्य बमोजिम आ.व. २०७८/०७९ देखि त्रैमासिक बजेट निकासा हुने भएकोले आर्थिक कार्यविधि तथन वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम त्रैमासिक बजेट निकासा गरि असोज मासान्त भित्र पहिलो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण गनुपर्ने हुदा सो सम्वन्धमा देहाय बमोजिम गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

देहाय:

१ सामाजिक सुरक्षा भत्ता तथा बालपोषण भत्ता पाप्त गरिरहेका लाभग्राहीको विवरण लाभग्राही स्वयं उपस्थिती भई भाद्र १५ गते भित्र नविकरण गरिसक्ने व्यवस्था गर्ने तथा लाभग्राहीहरुको नविकरणको निवेदन फारम यमुनामाई गाँउपालिका सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखामा बुझाई दिनु हुन अनुरोध छ ।
२. विवरण नविकरण नभएमा लाभग्राहीले नयाँ लाभग्राहीको रुपमा निवेदन दिई अर्को महिना देखि मात्र भत्ता प्राप्त गर्न सक्ने हुदां लाभग्राहीलाई समयमा नै जानकारी गराई नविकरणको कार्य तदारुकता साथ गर्ने ।
३. एक अभिभावकको बढिमा दुई बालबालिकाको मात्र बालपोषन भत्ताका लागि नविकरण गरीने छ ।
४. नेपाल सरकार वा नेपाल सरकार वाट मन्यता प्राप्त संघ/संस्था तथा अन्य कुनै अन्तराष्ट्रिय सरकार वा संघ/संस्थावाट मासिक रुपमा तलव भत्ता, पेन्सन वा त्यसतै प्रकारका अन्य कुनै मासिक सुविधा पाउने लाभग्राहीहरुको नविकरण गरिने छैन ।
३) कुनै बालबालिकाको आमा वा बुवा मध्ये कुनै एक सरकारी वा औपचारिक सेवामा कार्यरत भएमा वा कुनै व्यवसाय दर्ता गरी सञ्चालन गरीरहेको भएमा वालपोषण भत्तामा समावेश गरिने छैन् ।

संग्लन कागजातहरु
१) लाभगृहीको अनुसूची-४ बमोजिमको निवेदन(स्वयम उपस्तिथी हुनु अनिवार्य)
२) लाभग्रही परिचयपत्रको प्रतिलिपि, नागरिकता प्रमाण पत्र प्रतिलिपि, विधवाको हकमा श्रीमानको मृत्यु दर्ताको प्रमाण पत्र प्रतिलिपि र अर्को विवाह नगरेको प्रमाण पत्र प्रतिलिपि, अपाङ्गको हकमा अपाङ्ग कार्डको प्रमाण पत्र प्रतिलिपि
३) वालपोषन भत्ताको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि तथा बुवा र आमा दुबैको नागरिकता प्रमाणपत्रको प्रतिलिपि

.................................
रामश्रेष्ठ राय यादव
नि.प्रमुख प्रशासकीय अधिकृत

रामश्रेष्ठ राय यादव
नि. प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
**गृह मन्त्रालय**
**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग**

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

पत्र संख्या :-०७८/७९
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- 69

सिंहदरबार,
काठमाडौं, नेपाल
मिति : २०७८/०४/०३

विषय :- सामाजिक सुरक्षा भत्ता नवीकरण सम्वन्धमा ।

श्री स्थानीय तह सबै ।

प्रस्तुत बिषयमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) को उपनियम (१) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले श्रावण महिना देखि कार्तिक मसान्तभित्र सम्बन्धित वडा कार्यालयमा नवीकरणको लागि निवेदन दिनु पर्ने व्यहोरा उल्लेख भएको भएता पनि आ.व. २०७८/०७९ को बजेट बजेट वक्तव्य बमोजिम आ.व. २०७८/०७९ देखि त्रैमासिक बजेट निकासा हुने भएकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम त्रैमासिक बजेट निकासा गरी असोज मसान्त भित्र पहिलो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने हुँदा सो सम्बन्धमा देहाय बमोजिम गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

देहाय:

१. सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीको विवरण लाभग्राही स्वयं उपस्थित भई भाद्र मसान्त भित्र नवीकरण गरिसक्ने व्यवस्था गर्ने ।
२. विवरण नवीकरण नभएमा लाभग्राहीले नयाँ लाभग्राहीको रुपमा निवेदन दिई अर्को महिना देखि मात्र भत्ता प्राप्त गर्न सक्ने हुँदा लाभग्राहीलाई समयमा नै जानकारी गराई नवीकरणको कार्य तदारुकता साथ गर्ने ।
३. स्थानीय सञ्चार माध्यम रेडियो, टेलिभिजन लगायतका भरपर्दो सञ्चार माध्यमद्वारा लाभग्राहीलाई आवश्यकता अनुसार स्थानीय भाषामा समेत जानकारी गराउने व्यवस्था गर्ने ।
४. त्रैमासिक बजेट निकासा गर्दा वास्तविक लाभग्राहीको संख्या बमोजिम मात्र निकासा हुने हुँदा दोहोरो परेका, मृत्यु भएका लाभग्राहीको विवरण वा कुनै कारणले लगत कट्टा गर्नु पर्ने भए सो गरी लाभग्राहीको वास्तविक संख्या यकिन गराउने व्यवस्था गर्ने ।
५. कतिपय लाभग्राहीहरुको विवरण दर्ता गर्दा निवेदन प्राप्त गर्नु भन्दाको अगाडिको मिति राखेर समेत दर्ता गर्ने गरेको पाइएकोले यस प्रकारको कार्यलाई निरुत्साहित गरी लाभग्राहीको पूर्ण विवरण भरी जुन मितिमा निवेदन प्राप्त भई दर्ता भएको हो सोही विवरणलाई आधार मानी सोही दिन दर्ता गराउने व्यवस्था गर्ने ।

२०७८/०४/०२
(मेघ राज शंकर)
शाखा अधिकृत

अनुसूची ५

(दफा ९ (ग)सँग सम्वन्धित)

१. <u>बाल पोषणसँग सम्बन्धित नेपाल सरकारले तोकेका क्षेत्र र जिल्ला</u>

<u>(एक आमाबाट जन्मिएका बढीमा दुई सन्तानलाई)</u>

१. हुम्ला
२. जुम्ला
३. डोल्पा
४. मुगु
५. कालिकोट
६. अछाम
७. वझाङ्ग
८. रौतहट
९. महोत्तरी
१०. सर्लाही
११. सिराहा
१२. डोटी
१३. वाजुरा
१४. जाजरकोट
१५. ससरी
१६. वारा
१७. धनुषा
१८. रसुवा
१९. रुकुम पूर्व
२०. रुकुम पश्चिम
२१. रोल्पा
२२. कपिलवस्तु
२३. वैतडी
२४. सल्यान
२५. दैलेख